फुकुओका सहर

# घरायसी फोहोर नियम पुस्तिका




फोहोर न्यूनीकरण प्रतीक चिन्ह "कारु च्यान"

## फुकुओका सहर

**आधिकारिक LINE अकाउन्ट**

GOOD DESIGN AWARD
आर्थिक वर्ष 2020 को पुरस्कार विजेता




**साथीको रूपमा फलो गर्नुहोस्!**

आधिकारिक LINE अकाउन्टको नाम: फुकुओका सहर
LINE ID:@fukuokacity

| | | |
|---|---|---|
| जल्ने फोहोर (हप्ता 2 पटक) | र | बारको राति |
| नजल्ने फोहोर (महिनाको 1 पटक) | पटकको | बारको राति |
| खाली सिसाको बोतल PET बोतल (महिनाको 1 पटक) | पटकको | बारको राति |

वर्षको अन्त्य तथा सुरुको अवधि (डिसेम्बर 31 तारिख~जनवरी 3 तारिख) बिदा हुनेछ। विस्तृत जानकारीको लागि सहर प्रशासन सूचना वा होमपेज हेरी निश्चय गर्नुहोस्।

**ठूलो आकारको फोहोर**
—अग्रिम आवेदन प्रणाली—

**ठूलो आकारको फोहोर दर्ता केन्द्र**
**092-731-1153**
[खुला समय] सोमबार~शनिबार 9:00~17:00 (डिसेम्बर 29 तारिख~जनवरी 3 तारिख बिदा हुनेछ।)

रेइवा 8 साल फेब्रुअरी प्रकाशन

# विषयसूची


फुकुओका सहरको फोहोर निकाल्ने नियमहरू ........................ 1~2

स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तुहरू निकाल्ने तरिका ....... 3~6

जल्ने फोहोर ........................................................ 7

नजल्ने फोहोर ...................................................... 8

खाली सिसाको बोतल र PET बोतल ........................................ 9

ठूलो आकारको फोहोर ................................................ 10

सहरले सङ्कलन नगर्ने फोहोरहरू ........................................ 11

मानव मलमुत्र सङ्कलन .................................................. 12

नियमित सङ्कलन बाहेकका फोहोरहरू निकाल्ने तरिका..................... 13

सजिलै बुझिने ब्याट्री निकाल्ने तरिकाको तालिका ........................ 14

फोहोर प्रशोधन प्रक्रिया र सोधपुछ सम्पर्क पछाडिको कभर ....पछाडिको कभर


# फुकुओका सहरको फोहोर निकाल्ने नियमहरू


## ❶फोहोरलाई सही रूपमा वर्गीकरण गर्नुहोस्।

○घरायसी फोहोर "जल्ने फोहोर", "नजल्ने फोहोर", "खाली सिसाको बोतल र PET बोतल" तथा "ठूलो आकारको फोहोर" गरी 4 वर्गहरू छन्।




| जल्ने फोहोर | नजल्ने फोहोर | खाली सिसाको बोतल र PET बोतल | ठूलो आकारको फोहोर |
|---|---|---|---|
| ➡पृष्ठ 7 | ➡पृष्ठ 8 | ➡पृष्ठ 9 | ➡पृष्ठ 10 |

○माथि लेखिएको वर्गीकरणमा सङ्कलन गर्न नसकिने फोहोरहरू प्रत्येकलाई तोकिएको निकाल्ने तरिका अनुसार प्रशोधन गर्नुहोस्।




| बटन ब्याट्री | सानो रिचार्ज हुने ब्याट्री | घरेलु विद्युतीय उपकरण रिसाइकल ऐन अन्तर्गतका वस्तुहरू (एयर कन्डिसनर, टिभी, फ्रिज, फ्रिजर, वासिङ मेसिन, लुगा सुकाउने मेसिन) | कम्प्युटर (बडी र डिस्प्ले) | टायर, आगो निभाउने उपकरण, कृषि विषादी आदि |
|---|---|---|---|---|
| ➡पृष्ठ 6 | ➡पृष्ठ 6 | ➡पृष्ठ 11 | ➡पृष्ठ 11 | ➡पृष्ठ 11 |


## ❷फुकुओका सहरद्वारा तोकिएको झोलामा हाली झोलाको मुख पूर्ण रूपमा बन्द गरेर निकाल्नुहोस्।

तोकिएको झोला सुपरमार्केट, कन्भिनियन्स स्टोर आदिमा प्रकार र साइज अनुसार 10 वटाको सेटमा बिक्री गरिनुका साथै जल्ने फोहोरको लागि "फुकुओका सहर भित्र फोहोर निकाल्न प्रयोग गर्न सकिने प्लास्टिकको झोला "फुकुरेजी"" पनि एउटा झोलाको एकाइमा बिक्री (10L को साइजको 10 येन र 15L को साइजको 15 येन) गरिन्छ।

"झोलामा पस्ने साइज" बनाई "एक हातले बोकेको बेला झोला नच्यातिने तौल" को फोहोर हालेर झोलाको मुख बाँधेर निकाल्नुहोस्।

*एक पटकमा ठूलो, 45L साइजको तोकिएको झोलामा 10 वटा झोलाहरू सम्म।

*तोकिएको झोलामा नपस्ने साइज र तौलका फोहोरहरू ठूलो आकारको फोहोरमा पर्छन्।




फुकुरेजी

## ❸ तोकिएको बार, समय र ठाउँमा निकालेर राख्नुहोस्।

फोहोर निकाल्ने बार निश्चय गर्नको लागि यहाँ➡

फोहोर निकाल्ने बार क्षेत्र अनुसार फरक हुन्छ।

वातावरण ब्यूरोको होमपेज हेरी निश्चय गर्नुहोस् वा सम्बन्धित वडाको दैनिक जीवन वातावरण शाखा (➡पछाडिको कभर) मा सोधपुछ गर्नुहोस्।


| प्रकारहरू | निकाल्ने बार* | निकाल्ने समय | निकाल्ने ठाउँ |
|---|---|---|---|
| जल्ने फोहोर | हप्ताको 2 पटक | सूर्यास्त (अँध्यारो भएपछि) देखि रातिको 12 बजेसम्मको अवधि   | ●एकल घर...घर अगाडि<br>●सामूहिक आवास... फोहोर राख्ने ठाउँ<br><br>फोहोर सङ्कलन गाडी जान नसक्ने ठाउँमा भएको खण्डमा, टोल समिति आदिले तोकेको ठाउँमा राख्नुहोस्। |
| नजल्ने फोहोर | महिनाको 1 पटक | | |
| खाली सिसाको बोतल र PET बोतल | महिनाको 1 पटक | | |
| ठूलो आकारको फोहोर | अग्रिम आवेदन प्रणाली | आवेदनको बेला तोकिएको दिनको बिहानको 8:30 सम्म | फोहोर राख्ने ठाउँमा राख्न नसकिने ठूला वस्तुहरूको लागि आवेदनको बेला ठाउँ तोक्ने अवस्थाहरू हुन सक्छन्। |

*वर्षको अन्त्य तथा सुरुको अवधि (डिसेम्बर 31 तारिख~जनवरी 3 तारिख) फोहोर निकाल्न सकिनेछैन। विस्तृत जानकारीको लागि सहर प्रशासन सूचना वा होमपेज हेरी निश्चय गर्नुहोस्।

*ताइफुन नजिकिँदै आएको बेला, हिमपात भएको बेला आदि सङ्कलन बन्द गर्ने अवस्थाहरू हुन सक्छन्। साथै सङ्कलन गर्ने खण्डमा पनि सम्भव भएसम्म अर्को फोहोर निकाल्ने दिन फोहोर निकालेर सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं।

**नोट**

**कम्पनी, पसल आदिको फोहोर (व्यवसायिक फोहोर) लाई घरायसी फोहोरको रूपमा निकाल्न सकिँदैन।**
**वर्गीकरण नियमको पालना नगरी निकालिएको फोहोर सङ्कलन गरिनेछैन। (चेतावनी स्टिकर टाँसिनेछ।)**


収集できません　Uncollectable
月　日
☐ 指定袋ではありません。
This is not Fukuoka City's designated garbage bag.
☐ 旧指定袋です。
This is the old city-designated bag.
☐ 指定袋の種類が違います。
This is the wrong type of designated bag for this garbage.
☐ 指定袋の中に入れてください。
You must put your garbage inside a Fukuoka City's designated garbage ba
☐ 分別が正しくありません。
This garbage is not properly separated.
☐ 燃えるごみが入っています。
This includes burnable garbage.
☐ 燃えないごみが入っています。
This includes non-burnable garbage.
☐ びん・ペットボトルが入っています。
This includes glass and plastic (PET) bottles.
☐ 粗大ごみです。
This is oversized garbage.
☐ 持ち出し日ではありません。
This was put out on the wrong collection day.
☐ 事業系ごみではありませんか。
Is this not commercial waste?
☐ その他（　　　　）
福岡市 Fukuoka City
東区生活環境課 Higashi Ward Office ☎ 092-645-1061
博多区生活環境課 Hakata Ward Office ☎ 092-419-1068
中央区生活環境課 Chuo Ward Office ☎ 092-718-1091
南区生活環境課 Minami Ward Office ☎ 092-559-5374
城南区生活環境課 Jonan Ward Office ☎ 092-833-4086
早良区生活環境課 Sawara Ward Office ☎ 092-833-4340
西区生活環境課 Nishi Ward Office ☎ 092-895-7050
西区西部出張所 Seibu Branch Office, Nishi Ward ☎ 092-806-9430

(चेतावनी स्टिकर)

## ❹ स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तुलाई सङ्कलन स्थानमा लिएर जानुहोस्।

पुरानो कागज, पुरानो लुगा जस्ता स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तुहरूलाई स्थानीय सङ्कलन बक्स आदिमा सङ्कलन गरी रिसाइकल गरिन्छ। क्षेत्रीय रूपमा सञ्चालन हुने सङ्कलन गतिविधिहरूको लागि सङ्कलन परिमाण आदि अनुसार प्रोत्साहन रकम प्रदान गरिन्छ र प्राप्त भएको प्रोत्साहन रकम क्षेत्रमा फिर्ता गरिन्छ।




| | |
|---|---|
| ●पुरानो कागज (पत्रिका, कार्टुन बक्स र विविध कागजहरू)　●कागजको प्याक | पृष्ठ 3 |
| ●खाली क्यान (पेय पदार्थ प्रयोजनको एल्युमिनियम क्यान र स्टिल क्यान)　●फ्लोरोसेन्ट ट्यूब (ट्युबलाइट)<br>●मर्करी भएको थर्मोमिटर, मर्करी भएको तापक्रम नाप्ने यन्त्र, मर्करी भएको रक्तचाप नाप्ने यन्त्र　●खाद्य प्रयोजनको तेल<br>●भान्साबाट निस्केको फोहोरको कम्पोस्ट　●खाली सिसाको बोतल　●PET बोतल | पृष्ठ 4 |
| ●सेतो रङ्गको ट्रे　●बबल र्‍याप® (हावा भरिएको कुसन सामग्री)<br>●प्लास्टिकले बनेका सामानहरू　●पुरानो लुगा र पुरानो कपडा | पृष्ठ 5 |
| ●ड्राइ ब्याट्री, कोइन ब्याट्री, बटन ब्याट्री　●ताल्ने प्रकारको चुरोट र इलेक्ट्रोनिक चुरोट　●सानो रिचार्ज हुने ब्याट्री<br>●सानो विद्युतीय उपकरण (सानो घरेलु विद्युतीय उपकरण) | पृष्ठ 6 |

**स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन गर्ने ठाउँहरू "फुकुओका सहरको फोहोर र स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने कुराहरू छुट्याउने तरिका र निकाल्ने तरिका सम्बन्धी जानकारी भएको साइट" मा खोज्न सकिन्छ।**



अझै प्रयोग गर्न सकिने सामानहरू रियुज (पुनः प्रयोग) गर्ने कुराबारे विचार गरौं। सहर भित्रको 2 ठाउँको 3R स्टेसनहरूमा लुगा, किताब आदिको लिएर अरूलाई उपलब्ध गराउने सेवा प्रदान गरिन्छ। (➡पृष्ठ 5)
अन्य सहर भित्र रियुज (पुनः प्रयोग) गर्न सकिने पसल, एप्लिकेसन आदिको जानकारी पनि सहरको होमपेजमा राखिएको छ। फोहोरको रूपमा फाल्नु अघि नबिर्सीकन उपयोग गर्नुहोस्। [रियुज (पुनः प्रयोग) गर्ने सिफारिस] [खोज्ने]

# स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तुहरू निकाल्ने तरिका

स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तुहरू सहर भित्रको 9 ठाउँको सार्वजनिक सुविधाहरूमा राखिएको **स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स** (तल लेखिएको छ) लगायत प्रत्येक क्षेत्रमा राखिएका **रिसाइकल बक्स**, **स्थानीय सामूहिक सङ्कलन** (टोल समिति, बाल संघ आदिद्वारा गरिने पुरानो कागज सङ्कलन), विद्युतीय सामान बेच्ने ठूला पसलहरू र सुपरमार्केट आदिमा सङ्कलन गरिन्छ। सङ्कलन गर्न सकिने वस्तुहरू ठाउँ अनुसार फरक हुन्छ। स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन स्थान हायावाकारी म्याप आदिमा नजिकको सङ्कलन स्थान निश्चय गर्नुहोस्।

## ●सार्वजनिक सुविधाको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स

| | | | |
|---|---|---|---|
| राखिएको ठाउँ | हिगासी, ज्योनान, सावारा र निसी वडा कार्यालय, इरिबे र सेइबु शाखा कार्यालय<br>हाकाता र दक्षिण सामुदायिक केन्द्र, केन्द्रीय व्यायामशाला | प्रयोग समय | 9:00~17:00<br>*वर्षको अन्त्य तथा सुरुको अवधि (12/29~1/3) बिदा हुनेछ। |
| सङ्कलन वस्तुहरू | ○पुरानो कागज (पत्रिका, कार्टुन बक्स र विविध कागजहरू) ○कागजको प्याक (एल्युमिनियम भएको पनि स्वीकार्य छ।) ○खाली क्यान (पेय पदार्थको एल्युमिनियम क्यान र स्टिल क्यान) ○फ्लोरोसेन्ट ट्यूब (ट्युबलाइट) ○मर्करी भएको थर्मोमिटर, मर्करी भएको तापक्रम नाप्ने यन्त्र, मर्करी भएको रक्तचाप नाप्ने यन्त्र ○खाद्य प्रयोजनको तेल ○भान्साबाट निस्केको फोहोरको कम्पोस्ट ○खाली सिसाको बोतल (पेय पदार्थ, सिजनिङ (मरमसला), कस्मेटिक्स आदिको सिसाको बोतल) ○PET बोतल ○सेतो रङ्गको ट्रे ○बबल र्‍याप® (हावा भरिएको कुसन सामग्री) ○प्लास्टिकले बनेका सामानहरू ○ड्राइ ब्याट्री, कोइन ब्याट्री, बटन ब्याट्री ○ताल्ने प्रकारको चुरोट र इलेक्ट्रोनिक चुरोट ○सानो रिचार्ज हुने ब्याट्री ○सानो विद्युतीय उपकरण (सानो घरेलु विद्युतीय उपकरण) | | |

प्रत्येक विद्यालय क्षेत्र अनुसारको सङ्कलन जानकारी निश्चय गर्ने।
**स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन स्थान हायावाकारी म्याप**

सहरभरिको सङ्कलन जानकारी नक्सामा निश्चय गर्ने।
**फुकुओका सहर web म्याप**


## पुरानो कागज

तलका 3 वटा वर्गमा छुट्याएर निकाल्नुहोस्।


पुरानो कागज सङ्कलन केन्द्र

### पत्रिका

(यसमा पत्रिकामा च्यापिएका पर्चाहरू पनि पर्छन्)



### कार्टुन बक्स





### विविध कागजहरू

पत्रिका र कार्टुन बक्स बाहेकका रिसाइकल गर्न सकिने कागजहरू




- कागजको मोटाइ र साइज जस्तो भए पनि हुन्छ।
- प्लास्टिक वा कपडा, धातु आदि भएको खण्डमा त्यसलाई हटाउनुहोस्।





**⚠ निकाल्न नसकिने वस्तुहरू**

✖प्लास्टिक कोटिङ गरिएको कागज ✖थर्मल कागज (रेसिप्ट आदि) ✖फोटो
✖कार्बन पेपर (डेलिभरी सेवाको स्लिप आदि) ✖गन्ध लागेको कागज (डिटर्जेन्ट, धूपको बक्स आदि)
✖तेलले फोहोर भएको कागज (पिज्जा बक्स, क्रेयोनले चित्र बनाइएको कागज आदि)

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, स्थानीय सामूहिक सङ्कलन, स्थानीय सङ्कलन केन्द्र आदि

**विविध कागजहरू जम्मा गर्ने तरिका**


विविध कागजहरूलाई घरमा भएको कागजको झोला वा ठूलो खाम आदिमा हालेर निकाल्न सकिन्छ। कागजबाट बनेको भएमा हाल्ने झोला जस्तो भए पनि हुन्छ।
झोलाको मुखमा स्ट्याप्लर लगाउने आदि गरी सङ्कलन गर्दा नछरिने गरी बन्द गर्नुहोस्।
टाँसिने टेप प्रयोग नगर्नुहोस्।



म्यागजिन, पम्फ्लेट आदिलाई डोरीले क्रस गरी बाँधेर निकाले पनि हुन्छ।

## कागजको प्याक

मुखको प्लास्टिकले बनेको भाग हटाई, भित्री भाग पखालेर खोलेपछि सुकाएर निकाल्नुहोस्।




कागजको प्याक सङ्कलन केन्द्र

एल्युमिनियम भएको कागजको प्याक (भित्रपट्टि चाँदी रङ्गको एल्युमिनियम कोटिङ गरिएको कागजको प्याक)
सार्वजनिक सुविधाको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्समा मात्र सङ्कलन गरिन्छ।

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, स्थानीय सङ्कलन केन्द्र, सुपरमार्केट जस्ता पसलहरू अगाडि सङ्कलन

# स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तुहरू निकाल्ने तरिका

## खाली क्यान

भित्र केही पनि नभएका पेय पदार्थ प्रयोजनको एल्युमिनियम क्यान र स्टिल क्यानहरू

**⚠ निकाल्न नसकिने वस्तुहरू**

× क्यान्ड फुड × पाउडर दूधको क्यान




खाली क्यान रिसाइकल




एल्युमिनियम क्यान सङ्कलन केन्द्र




खाली क्यान रिसाइकल




स्टिल क्यान सङ्कलन केन्द्र


**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, सुपरमार्केट जस्ता पसलहरू अगाडि सङ्कलन

## फ्लोरोसेन्ट ट्यूब (ट्युबलाइट)


कन्टेनर र प्याकिङ कागज हटाएर बडी मात्र निकाल्नुहोस्।

**⚠ निकाल्न नसकिने वस्तुहरू**

× LED × फुटेको फ्लोरोसेन्ट ट्यूब (ट्युबलाइट) × इन्कान्डेसेन्ट बल्ब



सीधा ट्यूब प्रकार



रिङ प्रकार



बल्ब प्रकार



सङ्कलन बक्स

फ्लोरोसेन्ट ट्यूब (ट्युबलाइट) सङ्कलन केन्द्र

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, होम सेन्टर, विद्युतीय उपकरणको पसल आदि

## मर्करी भएको थर्मोमिटर, मर्करी भएको तापक्रम नाप्ने यन्त्र र मर्करी भएको रक्तचाप नाप्ने यन्त्र

**खरिद गर्दाको केस वा प्लास्टिकको झोलामा हालेर निकाल्नुहोस्।**

मर्करी भएको तापक्रम नाप्ने यन्त्र र मर्करी भएको रक्तचाप नाप्ने यन्त्र सङ्कलन बक्समा नपस्ने हुनाले काउन्टरमा लिएर जानुहोस् वा रिसेप्सनको कर्मचारीलाई दिनुहोस्।






सङ्कलन बक्स

फुकुओका सहरको फार्मसिस्ट संघ सदस्य फार्मेसी र औषधि पसलहरूको सूची

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, वडा कार्यालयको दैनिक जीवन वातावरण शाखा, फुकुओका सहरको फार्मसिस्ट संघका सदस्य फार्मेसी र औषधि पसलहरू

## खाद्य प्रयोजनको तेल

खाना पकाउने तेल, तोरीको तेल जस्ता खाद्य प्रयोजनको वनस्पति तेल

**⚠ निकाल्न नसकिने वस्तुहरू**

× पशुजन्य बोसोको तेल (लार्ड आदि) × खनिज तेल (इन्जिन ओइल, मट्टीतेल आदि)
× ड्रेसिङ × चिली ओइल × फ्लेबर ओइल



**खाली PET बोतलमा सारेर बिर्को बन्द गरेको अवस्थामा निकाल्नुहोस्।**

खाद्य प्रयोजनको तेल सङ्कलन केन्द्र

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, सुपरमार्केट जस्ता पसलहरू अगाडि सङ्कलन

## भान्साबाट निस्केको फोहोरको कम्पोस्ट

"जैविक विधिको भान्साबाट निस्केको फोहोर प्रशोधन मेसिन", "कार्टुन बक्स कम्पोस्ट" आदिले बनाएको कम्पोस्ट

पारदर्शी वा अर्ध-पारदर्शी प्लास्टिकको झोलामा हालेर निकाल्नुहोस्।

**⚠ निकाल्न नसकिने वस्तुहरू**

× सुकाउने विधिको भान्साबाट निस्केको फोहोर प्रशोधन मेसिनद्वारा प्रशोधन गरिएको सुकाइएको पदार्थ
× बगैंचा वा खेतबारीमा राखिने प्रकारको कम्पोस्ट कन्टेनरमा बनाइएको कम्पोस्ट





(जैविक विधि)

भान्साबाट निस्केको फोहोरको कम्पोस्ट सङ्कलन केन्द्र

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, केही सामुदायिक भवनहरू

**खाली सिसाको बोतल** **PET बोतल** निकाल्ने तरिका, निकाल्न सकिने वस्तुहरू र निकाल्न नसकिने वस्तुहरू "खाली सिसाको बोतल र PET बोतल" को तोकिएको झोलामा हालेर निकाल्ने बेला जस्तै हो। ➡पृष्ठ 9

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, स्थानीय सङ्कलन केन्द्र, सुपरमार्केट जस्ता पसलहरू अगाडि सङ्कलन

## फुड ड्राइभमा लिएर जाऔं!

**फूड ड्राइभ भनेको घरमा प्रयोग नभएको र नखोलिएको खाद्य सामग्री सङ्कलन गरी ती खाद्य सामग्री आवश्यक संस्था आदिलाई दान दिने गतिविधि हो।**

सहर कार्यालय, रिन्काइ र सेइबु 3R स्टेसन (➡पृष्ठ 5) मा सधैं (कार्यालय र भवन खुला मिति र समय अनुसार) लिएर जान सकिन्छ। साथै सहर भित्र आयोजना हुने फूड ड्राइभ सम्बन्धी जानकारी सहरको होमपेजमा प्रकाशित गरिन्छ।



# स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तुहरू निकाल्ने तरिका

## सेतो रङ्गको ट्रे

सेतो रङ्गको स्टाइरोफोमले बनेको समथर ट्रे

राम्रोसँग धोएर सुकाएपछि निकाल्नुहोस्।



*स्टाइरोफोमको ट्रेमा सजिलै टुथपिक छिर्छ।

सेतो रङ्गको ट्रेको सङ्कलन केन्द्र


**⚠ निकाल्न नसकिने वस्तुहरू**

✖ रङ्गीन ट्रे ✖ माछाको बक्स आदिको स्टाइरोफोम
✖ अण्डाको प्याक, तोफु कन्टेनर, नात्तो कन्टेनर, कप नुडल्स कन्टेनर, बेन्तो कन्टेनर

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, सुपरमार्केट जस्ता पसलहरू अगाडि सङ्कलन आदि

## बबल र्‍याप® (हावा भरिएको कुसन सामग्री)

टेप जस्ता टाँसिने पदार्थ नभएको बबल र्‍याप



विस्तृत जानकारीको लागि यहाँ

**⚠ निकाल्न नसकिने वस्तुहरू**

✖ मसी, ओइलि पेन, सबै प्रकारका टेपहरू, कागजको ट्याग र लेबल, फोहोर (माटो, तेल, पानी चुहावट) जस्ता टाँसिने पदार्थ भएको वस्तु

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स

## प्लास्टिकले बनेका सामानहरू

### रिसाइकलको प्रयास



**प्लास्टिकले बनेका सामानहरूलाई सार्वजनिक सुविधाको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्समा सङ्कलन गरिन्छ।**

**सङ्कलनको दायरा**

**एक साइडको लम्बाइ 50cm भन्दा कम भई प्लास्टिक मात्रले बनेका वस्तुहरू**

*पुरा मार्क (プラ) भएको वस्तु बाहेक

विस्तृत जानकारीको लागि यहाँ

**निजी व्यवसायीहरूले गर्ने प्लास्टिकले बनेका कन्टेनर र सामानहरूको सङ्कलनमा सहयोग गर्नुहोस्।**

**सङ्कलन कार्यमा संलग्न व्यवसायीहरू (हाल रेइवा 8 साल जनवरी)**

**युनिलीभर, फ्यान्कल, पाइलट कर्पोरेसन, कावाकामी साङ्ग्यो**

*व्यवसायी अनुसार सङ्कलन दायरा र सङ्कलन स्थान फरक हुन्छ।

विस्तृत जानकारीको लागि यहाँ

## पुरानो लुगा र पुरानो कपडा

धोएर सुकेको अवस्थामा प्लास्टिकको झोलामा हालेर निकाल्नुहोस्।



● पोलो सर्ट ● टी सर्ट ● सुट ● डेनिम ● टावल ● बेड सिट आदि

*लुगाहरूको बटन र फस्नरहरू भएकै अवस्थामा निकाल्न सकिन्छ। तर बेट सिटको फस्नर हटाउनुहोस्। ठूलो टावल र बेड सिटलाई 50cm×50cm वा सोभन्दा सानो हुने गरी काट्नुहोस्।

**⚠ निकाल्न नसकिने वस्तुहरू**

✖ अत्यन्तै फोहोर वा गन्ध भएका कुराहरू ✖ भित्री लुगा ✖ मोजा ✖ भित्र रुई आदि भरिएका कुराहरू (डाउन ज्याकेट र फुतोन)
✖ बाक्ला कुराहरू (किमोनो, जुडोको पोसाक, पर्दा, कम्बल) ✖ छालाका सामानहरू ✖ बुनिएको कपडा ✖ विन्डब्रेकर
✖ ट्र्याकसुट ✖ फ्लोरोसेन्ट (चम्किलो) रङको कपडा ✖ रातो कपडा

पुरानो लुगा र पुरानो कपडा सङ्कलन केन्द्र

**[सङ्कलन स्थान]** स्थानीय सङ्कलन केन्द्र, मामोरुमु फुकुओका, केन्द्रीय व्यायामशाला, हाकाता सामुदायिक केन्द्र, मिनामी सामुदायिक केन्द्र, ज्योनान वडा कार्यालयको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स आदि

## कपडा र किताबहरूलाई रियुज (पुनः प्रयोग)

### 3R स्टेसन

अझै प्रयोग गर्न सकिने सामानहरू आवश्यक व्यक्तिहरूलाई हस्तान्तरण गरी फेरि महत्त्वका साथ प्रयोग गर्न दिऔं।

3R स्टेसनमा अझै प्रयोग गर्न सकिने कपडा, किताब आदि रियुज (पुनः प्रयोग) गर्न सकिने कुराहरू लिएर अरूलाई उपलब्ध गराउने र रमाइलोसँग अध्ययन गर्न सकिने विभिन्न कोर्स, इभेन्ट आदि गरिन्छ।
आयोजना गरिने कोर्सहरूको जानकारी हरेक महिना 15 तारिखमा प्रकाशित हुने "सहर प्रशासन सूचना" मा हुनेछ।





### रिन्काइ 3R स्टेसन

फुकुओका सहर हिगासी वडा हाकोजाकीफुतो 4-13-42 (क्लिन पार्क र रिन्काइ भित्र)
☎092-642-4641
FAX : 092-642-4598





### सेइबु 3R स्टेसन


फुकुओका सहर निसी वडा इमाज्युकु आओकी 1043-2 (क्लिन पार्क र सेइबु भाग भित्र)
☎092-882-3190
FAX : 092-882-4580

**खुला समय/10:00~17:00 बन्द हुने दिन/सोमबार** (सार्वजनिक बिदाको दिन भएमा त्यसपछिको कार्य दिन), **वर्षको अन्त्य तथा सुरुको अवधि** (डिसेम्बर 28 तारिख~जनवरी 3 तारिख)


# स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तुहरू निकाल्ने तरिका

सानो रिचार्ज हुने ब्याट्री र रिचार्ज हुने ब्याट्री भएका सामानहरूलाई फोहोरको रूपमा निकाल्यो भने त्यो आगलागी र दुर्घटनाको कारण बन्छ।
अनिवार्य रूपमा तलको सङ्कलन स्थानमा निकाल्नुहोस्। (नजल्ने फोहोरमा निकाल्न सकिनेछैन।)


## ड्राइ ब्याट्री, कोइन ब्याट्री, बटन ब्याट्री/ तात्ने प्रकारको चुरोट र इलेक्ट्रोनिक चुरोट



अल्कालाइन ब्याट्री र म्याङ्गानिज ब्याट्री




कोइन ब्याट्री र बटन ब्याट्री



तात्ने प्रकारको चुरोट र इलेक्ट्रोनिक चुरोट

इन्सुलेसनको लागि इलेक्ट्रोड र टर्मिनलको भागमा मात्र टेप टाँसेर निकाल्नुहोस्।

तात्ने प्रकारको चुरोट र इलेक्ट्रोनिक चुरोटको फिल्टर जस्ता सहायक उपकरणहरू हटाएर बडी मात्र निकाल्नुहोस्।



ड्राइ ब्याट्री सङ्कलन बक्स


ब्याट्रीहरू/तात्ने प्रकारको चुरोट र इलेक्ट्रोनिक चुरोट सङ्कलन केन्द्र

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, होम सेन्टर, विद्युतीय उपकरणको पसल आदि


*ब्याट्रीहरू, तात्ने प्रकारको चुरोट र इलेक्ट्रोनिक चुरोट एकै बक्समा सङ्कलन गरिन्छ।

## सानो रिचार्ज हुने ब्याट्री

निकेल क्याडमियम ब्याट्री, निकेल हाइड्रोजन ब्याट्री, लिथियम आयन ब्याट्री



- ड्राइ ब्याट्री प्रकारको रिचार्ज हुने ब्याट्री (रिचार्ज गरेर बारम्बार प्रयोग गर्न सकिने ब्याट्री)
- घरेलु विद्युतीय उपकरण, OA उपकरण आदिको ब्याट्री
- मोबाइल ब्याट्री आदि



उपकरणबाट हटाई इन्सुलेसनको लागि इलेक्ट्रोड र टर्मिनलको भागमा मात्र टेप टाँसेर, ब्याट्रीको भाग मात्र निकाल्नुहोस्।
(मोबाइल ब्याट्रीको हकमा मात्र, उपकरण सहित सङ्कलन गरिन्छ।)

▼ब्याट्री हटाउन नसकिने खण्डमा
उपकरण सहितको सानो विद्युतीय उपकरणको सङ्कलन बक्समा लिएर जानुहोस्। सानो विद्युतीय उपकरण सङ्कलन बक्समा नपस्ने साइजको खण्डमा, बिक्री पसल वा मेकरसँग नष्ट गर्ने विधिबारे परामर्श गर्नुहोस् अथवा रिनेट जापान रिसाइकल कम्पनी लिमिटेडको घरबाटै सङ्कलन गर्ने सेवा आदि प्रयोग गर्नुहोस् (तल हेर्नुहोस्।)

Ni-Cd
निकेल क्याडमियम ब्याट्री

Ni-MH
निकेल हाइड्रोजन ब्याट्री

Li-ion
लिथियम आयन ब्याट्री




सानो रिचार्ज हुने ब्याट्री सङ्कलन ड्रम क्यान

सानो रिचार्ज हुने ब्याट्री सङ्कलन केन्द्र

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, वडा कार्यालय, केही सामुदायिक भवनहरू आदि

*सानो रिचार्ज हुने ब्याट्री सङ्कलन ड्रम क्यान केही सुविधाहरू बाहेक सानो विद्युतीय उपकरण सङ्कलन बक्सको छेउमा राखिएको हुन्छ।

## सानो विद्युतीय उपकरण (सानो घरेलु विद्युतीय उपकरण)

सङ्कलन बक्सको हाल्ने मुखबाट छिर्ने साइजको विद्युतीय उपकरण

- मोबाइल फोन
- स्मार्टफोन
- ट्याब्लेट
- डिजिटल क्यामेरा
- गेम कन्सोल
- ह्यान्डी फ्यान
- ड्रायर
- AC एडाप्टर, तार र केबलहरू
- हेडफोन र इयरफोन
- रिमोट कन्ट्रोल आदि

• अग्रिम रूपमा व्यक्तिगत जानकारी मेटाउनुहोस्।
• हटाउन सकिने ब्याट्री झिक्नुहोस्।
• सङ्कलन गरिएको उपकरण निकाल्न र फिर्ता गर्न सकिनेछैन।
• तात्ने प्रकारको चुरोट र इलेक्ट्रोनिक चुरोट यो बक्समा सङ्कलन गर्न सकिँदैन। (माथि हेर्नुहोस्।)

हाल्ने मुखको साइज
25cm×8.5cm



सानो विद्युतीय उपकरण सङ्कलन बक्स

सानो विद्युतीय उपकरण सङ्कलन केन्द्र

**[सङ्कलन स्थान]** सार्वजनिक सुविधाको स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स, वडा कार्यालय, केही सामुदायिक भवनहरू आदि

## रिनेट जापान रिसाइकल कम्पनी लिमिटेडले घरबाटै कम्प्युटर र विद्युतीय उपकरण सङ्कलन

फुकुओका सहरसँग सम्झौता गरेका व्यवसायीहरूले घरबाटै कम्प्युटर जस्ता लगभग 400 प्रकारका विद्युतीय उपकरणहरू सङ्कलन गरी रिसाइकल गरिन्छ।

| | |
|---|---|
| सङ्कलन साइज | बक्सको 3 साइडको कुल लम्बाइ 140cm भित्र र तौल 20kg भित्रको मापदण्ड अनुसार भएमा जति वटा हाले पनि हुन्छ। |
| सङ्कलन शुल्क | 1,848 येन (कर सहित)<br>तर कम्प्युटरको बडी भएको एउटा बक्स निःशुल्क सङ्कलन गरिन्छ। |

**आवेदन**

रिनेट जापान रिसाइकल | खोज्ने

☎0570-085-800 10:00~17:00 (वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)

# जल्ने फोहोर




फुकुओका सहरद्वारा तोकिएको "जल्ने फोहोर प्रयोजन" को एउटा झोलामा नच्यातिने गरी हाली, झोलाको मुख पूर्ण रूपमा बन्द गरेर निकाल्नुहोस्।

एक पटकमा ठूलो, 45L साइजको तोकिएको झोलामा 10 वटा झोलाहरूसम्म।

| साइज | ठूलो (45L) | मध्यम (30L) | सानो (15L) | धेरै सानो (10L) |
|---|---|---|---|---|
| प्रति झोला | 45 येन | 30 येन | 15 येन | 10 येन |

*ठूलो (45L) झोलाहरूमा ह्यान्डल नभएका झोलाहरू पनि छन्।

## ●भान्साको फोहोर



तरकारीका टुक्रा, माछाको हड्डी, अण्डाको बोक्रा, सेलफिसको खोल, टी प्याक आदि

*राम्रोसँग पानी निचर्नुहोस्।

*खाद्य प्रयोजनको तेललाई कागज, कपडा आदिमा सोसाउनुहोस् वा जम्ने पदार्थले जमाएपछि निकाल्नुहोस्।


## ●प्लास्टिकहरू





खाद्य प्रयोजनको तेल, डिटर्जेन्टको कन्टेनर, स्टाइरोफोम, प्लास्टिकले बनेको खेलौना, CD, DVD, अण्डाको प्याक, बेसिन, ह्याङ्गर, प्लान्टर आदि

* ♲ PET मार्क भएको बोतल (PET बोतल) लाई "खाली सिसाको बोतल र PET बोतल" को झोलामा हाल्नुहोस्।

## ●मट्टीतेलको प्लास्टिक ट्यान्क (खाली ट्यान्क)



## ●डिस्पोजेबल लाइटर



*भित्र ग्याँस आदि बाँकी भएको खण्डमा, आगो नभई राम्रोसँग हावाको आवतजावत हुने ठाउँमा सञ्चालन लिभर थिचेको अवस्थामा राखी (रबर ब्यान्ड वा टेप लगाएर फिक्स गर्ने), खाली बनाएपछि निकाल्नुहोस्।

## ●कागजको टुक्रा ●कपडाको टुक्रा

## ●काठको टुक्रा ●झरेको पात

## ●काटिएको हाँगा

*ठूलो परिमाणको भएको खण्डमा काटिएका हाँगाहरू स्वीकार गर्ने सुविधामा लिएर जानुहोस्। (➡पृष्ठ 13)

## ●रबरहरू



गम बुट, रबरको पन्जा, रबरको पाइप, रबरले बनेको खेलौना आदि

## ●छालाहरू



जुत्ता, बेल्ट, झोला, वालेट आदि

*सजिलै हटाउन सकिने धातुहरूलाई "नजल्ने फोहोर" को झोलामा हाल्नुहोस्।

## ●कागजको डाइपर

*त्यसमा भएको फोहोर हटाउनुहोस्।

## ●बाँस र काठको ब्रुम आदि



लगभग 1m भित्रको लम्बाइ र लगभग 5cm भित्रको व्यास भएका वस्तुहरू

*झोलाबाट निस्किएको भए पनि समस्या नहुने हुनाले झोलाको मुखलाई पूर्ण रूपमा बाँध्नुहोस्।

## ●घरमा पालेको जनावरको दिसा

*दिसालाई सुकाई, दिसा हालेको प्लास्टिकको झोला आदिको मुख पूर्ण रूपमा बाँध्नुहोस्।

## ●एल्युमिनियम फोइल●सुकाउने पदार्थ

## ●चिसो राख्ने जेल प्याक ●फुतोन र कम्बल

## ●फुतोन र कम्बल

*तोकिएको झोलामा नपस्ने साइज र तौलका वस्तुहरू "ठूलो आकारको फोहोर" मा पर्छन्।

➡पृष्ठ 10

## ●हट कार्पेट

*तार हटाएर "नजल्ने फोहोर" को झोलामा हाल्नुहोस्।



डिजाइन निर्माण: इफुकु काजुहिको

(10L) 10 येन
(15L) 15 येन

फुकुओका सहर भित्र

आफ्नो किनमेल झोला बिर्सिएको खण्डमा

## फोहोर निकाल्नको लागि प्रयोग गर्न सकिने प्लास्टिकको झोला फुकुरेजी


1. पसलमा फुकुरेजी खरिद गर्ने



2. सामान हालेर घर फर्कने



3. घरमा फोहोरको झोलाको रूपमा प्रयोग गर्ने



4. त्यसमा त्यतिकै फोहोर निकाले हुन्छ।



**नोट**

◎सङ्कलन गर्दा तरल पदार्थ सडकमा छरिने जोखिम हुने हुनाले सङ्कलन गर्न सकिँदैन (➡14 पृष्ठ)

◎आफैले फोहोर जलाउनु हुँदैन। सही रूपमा वर्गीकरण गरी सहरको सङ्कलनमा निकाल्नुहोस्। (सामान्यतया फोहोर जलाउन निषेध गरिएको छ।)

# नजल्ने फोहोर




फुकुओका सहरद्वारा तोकिएको "नजल्ने फोहोर प्रयोजन" को एउटा झोलामा नच्यातिने गरी हाली, झोलाको मुख पूर्ण रूपमा बन्द गरेर निकाल्नुहोस्।


एक पटकमा ठूलो, 45L साइजको तोकिएको झोलामा 10 वटा झोलाहरूसम्म।

| साइज | ठूलो (45L) | मध्यम (30L) | सानो (15L) |
|---|---|---|---|
| प्रति झोला | 45 येन | 30 येन | 15 येन |

**खाली सिसाको बोतललाई "खाली सिसाको बोतल र PET बोतल" को तोकिएको झोलामा निकाल्नुहोस्। (→पृष्ठ 9)**
**नजल्ने फोहोरमा निकाल्यो भने रिसाइकल नगरी जमिनमा गाडिने फोहोर हुन्छ।**

## ●खाली क्यानहरू (एल्युमिनियम क्यान र स्टिल क्यान)

भित्र केही पनि नभएका पेय पदार्थ, क्यान्ड फुड आदिका क्यानहरू




## ●माटो वा सेरामिकको भाँडाकुँडा

कचौरा, प्लेट, सजावटको सामान, बिरुवाको गमला आदि



## ●छाता र गल्फ क्लब

लगभग 1m भित्रको लम्बाइ र लगभग 5cm भित्रको व्यास भएका वस्तुहरू


*झोलाबाट निस्किएको भए पनि समस्या नहुने हुनाले झोलाको मुखलाई पूर्ण रूपमा बाँध्नुहोस्।



## ●घरेलु विद्युतीय उपकरण

ओभन टोस्टर, राइस कुकर, इलेक्ट्रिक फ्यान, प्रिन्टर आदि

*तोकिएको झोलामा नपस्ने साइज र तौलका वस्तुहरू "ठूलो आकारको फोहोर" मा पर्छन्। (➡पृष्ठ 10)



## ●सिसाहरू

कप, प्लेट, दूध खुवाउने सिसाको बोतल, झ्यालको सिसा, फुटेको सिसाको बोतल आदि

*फुटेको वस्तु र सजिलै फुट्ने वस्तुहरूलाई बाक्लो कागजले बेरी, त्यसमा "危険 (खतरा)" भनेर लेख्नुहोस्।

*पेय पदार्थ, मदिरा, सिजनिङ (मरमसला), कस्मेटिक्स आदिको खाली सिसाको बोतललाई "खाली सिसाको बोतल र PET बोतल" को झोलामा हाल्नुहोस्।




## ●धातुहरू

खाना पकाउने गहिरो भाँडाहरू, केटल, फ्राइप्यान, तारले बनेको ह्याङ्गर आदि



## ●चक्कु

*बाक्लो कागजले बेरी, त्यसमा "危険 (खतरा)" भनेर लेख्नुहोस्।

## ●माटो (बगैंचा प्रयोजन)

*नछरिने बनाउनुहोस्।



## ●हिट प्याक (डिस्पोजेबल)

*प्रयोग गरिसकेको मात्र



तलका वस्तुहरूलाई "नजल्ने फोहोर" को तोकिएको झोलामा हालेर निकाल्ने बेला ध्यान दिनुपर्ने कुराहरू अनुसार सही रूपमा नष्ट गर्नुहोस्। गलत तरिकामा निकालेमा वा गलत रूपमा वर्गीकरण गरेमा त्यो सङ्कलन गर्दा र फोहोर प्रशोधन केन्द्रमा **आगलागीको कारण** बन्छ। (➡पृष्ठ 14)।

## ⚠रिचार्ज गर्न सकिने घरेलु विद्युतीय उपकरण

कोर्डलेस भ्याकुम क्लिनर, रोबोट भ्याकुम क्लिनर, स्मार्टफोन, ह्यान्डी फ्यान आदि

*सानो घरेलु विद्युतीय उपकरणहरू स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तुको रूपमा पनि सङ्कलन गरिन्छ। (➡पृष्ठ 6)




*ब्याट्रीको भाग (लिथियम आयन ब्याट्री जस्ता सानो रिचार्ज हुने ब्याट्री) लाई फोहोरको रूपमा निकाल्न सकिनेछैन। हटाउन सकिन्छ वा सकिँदैन भन्ने कुरा निश्चय गरी पृष्ठ 14 को सजिलै बुझिने तालिका अनुसार नष्ट गर्नुहोस्।

*ब्याट्री हटाएका वस्तुहरू नजल्ने फोहोरमा पर्छन्।

*तोकिएको झोलामा नपस्ने साइज र तौलका वस्तुहरू "ठूलो आकारको फोहोर" मा पर्छन्। (➡पृष्ठ 10)

## ⚠स्प्रे क्यान र ग्याँस क्यासेट सिलिन्डर

किरा मार्ने स्प्रे, हेयरस्प्रे, टेबलटप चुलोको ग्याँस क्यासेट सिलिन्डर आदि





*अनिवार्य रूपमा **भित्र भएको कुरा पूर्ण रूपमा प्रयोग** गर्नुहोस्। प्वाल पार्नु पर्दैन।

*भित्र भएको कुरा निकाल्ने बेला राम्रोसँग स्प्रे क्यान आदिमा लेखिएको ध्यान दिनुपर्ने कुराहरू निश्चय गरी, आगो नभएको **भन बाहिरको राम्रोसँग हावाको आवतजावत हुने ठाउँमा** बसेर निकाल्नुहोस्।

## ⚠ड्राइ ब्याट्री र कोइन ब्याट्री

अल्कलाइन ब्याट्री, म्याङ्गानिज ब्याट्री, कोइन ब्याट्री (CR र BR बाट सुरु हुने प्रकारका ब्याट्रीहरू)

*ब्याट्रीहरूलाई स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तुको रूपमा पनि सङ्कलन गरिन्छ। (➡पृष्ठ 6)



*इन्सुलेसनको लागि, दुवै टर्मिनलहरूमा टेप लगाउनुहोस्।

*लिथियम आयन ब्याट्री जस्ता सानो रिचार्ज हुने ब्याट्रीलाई फोहोरको रूपमा निकाल्न सकिनेछैन। (➡पृष्ठ 6 "सानो रिचार्ज हुने ब्याट्री")


*बटन ब्याट्री (SR, LR, PR बाट सुरु हुने प्रकार) लाई फोहोरको रूपमा निकाल्न सकिनेछैन। (➡पृष्ठ 6)

**नोट**

◎एयर कन्डिसनर, टिभी, फ्रिज, फ्रिजर, वासिङ मेसिन, लुगा सुकाउने मेसिन र कम्प्युटर सहरले सङ्कलन गर्दैन। (➡पृष्ठ 11)

◎आगो निभाउने उपकरण, दबाबयुक्त कन्टेनर (हेलियम ग्याँसको सिलिन्डर आदि), रङ्ग बाँकी भएको पेन्टको क्यान आदि सहरले सङ्कलन गर्दैन। (➡पृष्ठ 11)

# खाली सिसाको बोतल र PET बोतल




फुकुओका सहरद्वारा तोकिएको "खाली सिसाको बोतल र PET बोतल प्रयोजन" को एउटा झोलामा नच्यातिने गरी हाली, झोलाको मुख पूर्ण रूपमा बन्द गरेर निकाल्नुहोस्।
एक पटकमा ठूलो, 45L साइजको तोकिएको झोलामा 10 वटा झोलाहरूसम्म।

*खाली क्यान "नजल्ने फोहोर" हो

| साइज | ठूलो (45L) | मध्यम (30L) |
|---|---|---|
| प्रति झोला | 22 येन | 15 येन |

*खाली सिसाको बोतल र PET बोतललाई झोला नछुट्याईकन सँगै हालेर निकाल्नुहोस्।

## ●खाली सिसाको बोतल

पेय पदार्थ, खाद्य सामग्री, सिजनिङ (मरमसला), कस्मेटिक्स, घरमा राखिने सामान्य औषधि आदिको सिसाको बोतल

*फुटेको सिसाको बोतललाई "नजल्ने फोहोर" को झोलामा हाल्नुहोस्।

*1.8 लिटरको साकेको सिसाको बोतल, बियरको सिसाको बोतल जस्ता फिर्ता गर्न सकिने सिसाको बोतलहरू, सकेसम्म बिक्री पसलमा फिर्ता गर्नुहोस् वा स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने वस्तु सङ्कलनमा लिएर जानुहोस्।




[निकाल्ने तरिका]

①बिर्को हटाउनुहोस्। (सजिलै हटाउन सकिने लेबल भए हटाउनुहोस्।)


②पानीले भित्री भाग हल्का पखाल्नुहोस्।

## ●PET बोतल

PET मार्क भएको पेय पदार्थ, मदिरा र सिजनिङ (मरमसला) को PET बोतल

PET बोतलमा लेबलको भाग, बोतलको पिँध आदिमा यो मार्क हुन्छ।

PET



[निकाल्ने तरिका]

①बिर्को र लेबल हटाउनुहोस्।

②पानीले भित्री भाग हल्का पखाल्नुहोस्।

③साइडबाट थिचेर समतल बनाउनुहोस्।

प्लास्टिकले बनेको बिर्को र PET बोतलको लेबललाई "जल्ने फोहोर" र धातुले बनेको बिर्कोलाई "नजल्ने फोहोर" को रूपमा निकाल्नुहोस्।



*रिङ्ग नहटाए पनि हुन्छ।

सुपरमार्केट आदिमा खाली सिसाको बोतल र PET बोतल सङ्कलन बक्स राखिएको छ।

स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन गर्ने पसल

**नोट** तलका वस्तुहरू "खाली सिसाको बोतल र PET बोतल" मा निकाल्न सकिनेछैन।

### यी वस्तुहरू "जल्ने फोहोर" को रूपमा निकाल्नुहोस्।

PET मार्क नभएको प्लास्टिक बोतल

मार्क मात्र भएको बोतल PET बोतल होइन।



### यी वस्तुहरू "नजल्ने फोहोर" को रूपमा निकाल्नुहोस्।

**खाली कन्टेनर मात्र बिक्री गरिने सिसाको बोतल**

घरमै बनाइएको उमेस्यु राख्ने कन्टेनर र सिसाले बनेको बिर्को भएको कन्टेनर आदि





**दूध जस्तो सेतो रङ्गको सिसाको बोतल, विशेष प्रकारको सिसाबाट बनाइएका सामानहरू**

दूध रङ्गको सिसा, ताप प्रतिरोधी सिसा, क्रिस्टल सिसा आदि

**मानव शरीरमा हानि पुर्‍याउने तत्त्व भएको औषधि हालिएको सिसाको बोतल, फुटेको सिसाको बोतल**

कृषि विषादी, रासायनिक पदार्थ आदिमा प्रयोग गरिएको सिसाको बोतल आदि



**बोतल बाहेकका सिसाका सामानहरू**

पाता सिसा, फूलदानी, एक्वेरियम, एसट्रे, सजावटको सामान, खेलौना, बत्तीको बल्ब, भाँडाकुँडा आदि



# ठूलो आकारको फोहोर

## ठूलो आकारको फोहोर भनेको

ठूलो आकारको फोहोर भनेको फर्निचर, घरेलु विद्युतीय उपकरण जस्ता **तोकिएको एउटा झोलामा नपस्ने साइज र तौलका सामानहरू** हुन्। *वस्तु अनुसार आवश्यक पर्ने प्रशोधन टिकटको रकम फरक हुन्छ। अग्रिम रूपमा ठूलो आकारको फोहोर दर्ता केन्द्रमा निश्चय गर्नुहोस्। (1 पटकमा 10 वटासम्म)







| ठूलो आकारको फोहोर प्रशोधन टिकट बिक्री मूल्य |
|---|
| **300 येन/500 येन/1,000 येन** |
| *वस्तु, तौल र साइज अनुसार आवश्यक पर्ने प्रशोधन टिकट फरक हुन्छ। |

## ठूलो आकारको फोहोर बाहिर निकाल्ने सेवा (शुल्क लाग्छ)

65 वर्ष वा सोभन्दा बढीका वृद्धवृद्धाहरू, अपाङ्गता भएका व्यक्तिहरू जस्ता ठूलो आकारको फोहोरलाई तोकिएको ठाउँमा पुर्‍याउन गाह्रो हुने व्यक्तिहरूले "बाहिर निकाल्ने सेवा" प्रयोग गर्न सक्छन्। विस्तृत जानकारीको लागि ठूलो आकारको फोहोर दर्ता केन्द्रमा सोधपुछ गर्नुहोस्। (1 पटकमा 5 वटासम्म)

*बाहिर निकाल्ने सेवाको लागि इन्टरनेट दर्ता र LINE दर्ता मार्फत आवेदन दिन सकिँदैन।

## निकाल्ने तरिका

**1** दायाँपट्टिको कुनै एक विधिद्वारा "**ठूलो आकारको फोहोर दर्ता केन्द्र**" मा आवेदन दिई, शुल्क, बाहिर निकालेर राख्ने ठाउँ र सङ्कलन मिति निश्चय गर्नुहोस्। सङ्कलनको लागि आवेदन दिएको 1 हप्ता जति पछि सङ्कलन गरिनेछ।



**[फोन दर्ता]**

सुनाइ वा बोलाइमा समस्या भएका व्यक्तिहरूको लागि तोकिएको सोधपुछ तथा आवेदन **FAX：092-731-1195**

**☎092-731-1153**

**खुला समय　सोमबार~शनिबार (यसमा सार्वजनिक बिदा पनि पर्छ) 9:00~17:00**
**हरेक हप्ता आइतबार र डिसेम्बर 29 तारिख~जनवरी 3 तारिख बिदा हुनेछ।**

*आइतबार र सार्वजनिक बिदाको भोलिपल्ट (पूर्वाह्नको समय) फोन दर्ताको लाइन व्यस्त हुन्छ।
फोन लाग्न गाह्रो भएको खण्डमा इन्टरनेट दर्ता अथवा LINE दर्ता प्रयोग गर्नुहोस्।

**[इन्टरनेट दर्ता]**

फुकुओका सहर　ठूलो आकारको फोहोर　**खोज्ने**

खुला समय　वर्षैभरि चौबिसै घण्टा दर्ता

इन्टरनेट दर्ता

**[LINE दर्ता]** *अनलाइन भुक्तानी सम्भव

अकाउन्टको नाम　फुकुओका सहर ठूलो आकारको फोहोर दर्ता (@fukuokacity_sdg)

खुला समय　वर्षैभरि चौबिसै घण्टा दर्ता

LINE दर्ता

**2** कम्बिनी (केही पसलहरू बाहेक) आदिमा ठूलो आकारको फोहोर प्रशोधन टिकट खरिद गर्नुहोस्।





***प्रशोधन टिकटको रकम फिर्ता गर्न सकिनेछैन।**
अनिवार्य रूपमा आवेदन पछि खरिद गर्नुहोस्।

**3** ठूलो आकारको फोहोर प्रशोधन टिकटमा दर्ता नम्बर (अथवा नाम) लेखेर ठूलो आकारको फोहोरमा टाँस्नुहोस् र सङ्कलन मितिको **बिहान 8:30 सम्ममा** तोकिएको ठाउँमा निकाल्नुहोस्।




**4** ठूलो आकारको फोहोर दिउँसो सङ्कलन गरिन्छ। तपाईं उपस्थित हुन पर्दैन।



सङ्कलन गरिएको ठूलो आकारको फोहोर पुन: प्रयोग गरिने अवस्थाहरू हुन सक्छन्।

**नोट**

◎**प्रशोधन टिकट नटाँसिएको फोहोर र दर्ता नम्बर (अथवा नाम) नलेखिएको फोहोर सङ्कलन गरिनेछैन।**
◎**आवेदन रद्द गर्ने खण्डमा अनिवार्य रूपमा सङ्कलन मिति भन्दा 2 दिन अघिसम्ममा ठूलो आकारको फोहोर दर्ता केन्द्रमा सम्पर्क गर्नुहोस्।**
◎**एयर कन्डिसनर, टिभी, फ्रिज, फ्रिजर, वासिङ मेसिन, लुगा सुकाउने मेसिन र कम्प्युटरलाई ठूलो आकारको फोहोर दर्ता केन्द्रमा स्वीकार गर्न सकिँदैन।** (➡पृष्ठ 11)

**ठूलो आकारको फोहोरको लागि सहरले सञ्चालन गर्ने "ठूलो आकारको फोहोर दर्ता केन्द्र" मा अनुरोध गर्नुहोस्।**

"हामी अनावश्यक सामान सस्तोमा सङ्कलन गर्छौं" भन्दै सहरमा घुम्ने, पर्चा, इन्टरनेट आदि मार्फत प्रचार गर्ने व्यवसायीहरू सहरको अनुमति बिना अवैध रूपमा सङ्कलन गर्ने व्यवसायीहरू हुन्। यसले अवैध डम्पिङ जस्ता अनुचित प्रशोधन र शुल्क सम्बन्धी समस्याहरू निम्त्याउने हुनाले प्रयोग नगर्नुहोस्।


**[व्यक्तिगत जानकारीको ह्यान्डलिङबारे]**

**ठूलो आकारको फोहोर दर्ता केन्द्रमा दर्ता गर्दा हामीलाई प्राप्त भएको व्यक्तिगत जानकारी ठूलो आकारको फोहोर सङ्कलनको उद्देश्य बाहेक अन्य कुनै उद्देश्यको लागि प्रयोग गरिनेछैन।**

# सहरले सङ्कलन नगर्ने फोहोरहरू

⚠ निम्न वस्तुहरू "नजल्ने फोहोर" र "ठूलो आकारको फोहोर" मा निकाल्न सकिनेछैन।

## घरेलु विद्युतीय उपकरण रिसाइकल ऐन अन्तर्गतका वस्तुहरू



| रिसाइकल शुल्क (वस्तु र मेकर अनुसार फरक हुन्छ।) | + | सङ्कलन र ढुवानी शुल्क (खुद्रा पसल अनुसार फरक हुन्छ।) | = | फोहोर निकाल्ने व्यक्ति (उपभोक्ता) ले भुक्तानी गर्ने शुल्क (घरायसी विद्युतीय उपकरण रिसाइकल टिकटको प्रतिलिपि लिनुहोस्।) |
|---|---|---|---|---|

*प्रशोधनको लागि "रिसाइकल शुल्क" र "सङ्कलन र ढुवानी शुल्क" आवश्यक पर्छ।

- ●एयर कन्डिसनर
- ●टिभी
- ●फ्रिज
- ●फ्रिजर
- ●वासिङ मेसिन
- ●लुगा सुकाउने मेसिन

(सामान्य सम्मिलित संस्था) घरेलु विद्युतीय उपकरण संघ
घरायसी विद्युतीय उपकरण रिसाइकल टिकट केन्द्र
☎0120-319-640

**नष्ट गर्ने विधि**

**①नयाँ किन्ने बेला पुरानो फिर्ता दिने।**
(खरिद गर्ने खुद्रा पसलमा फिर्ता लिने दायित्व हुन्छ।)

**②खरिद गरेको खुद्रा पसलमा सम्पर्क गरी फिर्ता गर्नुहोस्।**
(विगतमा खरिद गरेको खुद्रा पसलमा फिर्ता लिने दायित्व हुन्छ।)

[① र ② बाहेकका विधि]

●आफैले तोकिएको फिर्ता लिने ठाउँमा लिएर जाने। (अग्रिम प्रक्रिया आवश्यक)
*दायरामा पर्ने उपकरणहरू, रिसाइकल शुल्क र प्रक्रिया गर्ने तरिकाबारे घरायसी विद्युतीय उपकरण रिसाइकल टिकट केन्द्रमा निश्चय गर्नुहोस्।

●नजिकैको सङ्कलन साझेदार पसल (यामादा देन्की) मा फिर्ताबारे परामर्श गर्ने।
●सहरसँग सम्झौता गरेको व्यवसायीलाई सङ्कलनको लागि अनुरोध गर्ने।
*समन्वय र सहकार्य व्यवसायी रिनेट जापान रिसाइकल कम्पनी लिमिटेड र SG मुभिङ कम्पनी लिमिटेडले सङ्कलन गरिरहेका छन्। विस्तृत जानकारीको लागि HP अथवा (☎0570-056-006) मार्फत निश्चय गर्नुहोस्।
*ओरोनोसिमामा फुकुओका सहर माछापालन सहकारी संघ ओरोनोसिमा शाका (☎092-809-1560) र गेन्काइजिमामा क्योवा सान्यो कम्पनी लिमिटेड (☎092-631-3910) मा परामर्श गर्नुहोस्।

रिनेट जापान रिसाइकल कम्पनी लिमिटेड

## कम्प्युटर


●कम्प्युटर बडी ●डिस्प्ले (LCD, प्लाज्मा, CRT)

(सामान्य सम्मिलित फाउन्डेशन) कम्प्युटर 3R प्रवर्द्धन संघ

**नष्ट गर्ने विधि**

①सम्बन्धित कम्प्युटर मेकरलाई सङ्कलनको लागि अनुरोध गर्ने।
*PC रिसाइकल मार्क (दायाँको चित्र) नभएको कम्प्युटरको खण्डमा सङ्कलन र रिसाइकल शुल्क आवश्यक पर्नेछ।
*सम्बन्धित मेकरको दर्ता काउन्टर खोज्न र आफैले बनाएको कम्प्युटरको दर्ताको लागि (सामान्य सम्मिलित फाउन्डेशन) कम्प्युटर 3R प्रवर्द्धन संघ (☎03-5282-7685) मा सम्पर्क गरी निश्चय गर्नुहोस्।

②रिनेट जापान रिसाइकल कम्पनी लिमिटेडको घरबाटै सङ्कलन प्रयोग गर्ने।
*PC रिसाइकल मार्क भए पनि नभए पनि, कम्प्युटरको बडीको एउटा बक्स नि:शुल्क सङ्कलन गरिन्छ।
*विस्तृत जानकारीको लागि पृष्ठ 6 मा हेरी निश्चय गर्नुहोस्।




## टायर, आगो निभाउने उपकरण, कृषि विषादी आदि

●गाडी ●मोटरसाइकल (*) ●गाडी र मोटरसाइकलको टायर
●ब्याट्री ●कृषि उपकरण ●आगो निभाउने उपकरण (*) ●पियानो
●कृषि विषादी ●टोनर ●फाल्ने तेल (पेट्रोल आदि)
●भित्र सामग्री बाँकी भएको मट्टीतेलको क्यान, पेन्टको क्यान आदि
●दबाबयुक्त कन्टेनर (हेलियम ग्याँसको सिलिन्डर, LP ग्याँसको सिलिन्डर आदि)

**नष्ट गर्ने विधि**

बिक्री पसल वा मेकरसँग नष्ट गर्ने विधिबारे परामर्श गर्नुहोस्।
नबुझेको खण्डमा फोहोर न्यूनीकरण प्रवर्द्धन शाखा अथवा सम्बन्धित वडाको दैनिक जीवन वातावरण शाखा (→पछाडिको कभर) मा सोधपुछ गर्नुहोस्।

*मोटरसाइकलको लागि (सार्वजनिक हितकारी संस्था) सवारी साधन रिसाइकल प्रवर्द्धन केन्द्रले लिएर जाने ठाउँको जानकारी प्रदान गर्छ।
☎050-3000-0727



*आगो निभाउने उपकरणको लागि आगो निभाउने उपकरण रिसाइकल प्रवर्द्धन केन्द्र कम्पनी लिमिटेडले तोकिएको फिर्ता लिने ठाउँ आदिको जानकारी प्रदान गर्छ।
☎03-5829-6773

## कम्पनी, पसल आदिको फोहोर

**⚠ कम्पनी, पसल, अस्पताल जस्ता व्यवसायिक स्थलबाट निस्कने फोहोरलाई घरायसी फोहोरको रूपमा निकाल्न सकिँदैन।**

**सङ्कलन अनुरोधको लागि सहकारी संघ फुकुओका सहर व्यवसायिक वातावरण संघको होमपेजमा हेरी निश्चय गर्नुहोस् वा ☎092-432-0123 मा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।**

पत्रिका, कार्टुन बक्स, म्यागजिन जस्ता पुरानो कागज सङ्कलन व्यवसायी वा अनुमति प्राप्त व्यवसायीलाई अनुरोध गर्ने आदि गरी फोहोर न्यूनीकरण र पुनः स्रोतको रूपमा प्रयोग गर्ने प्रयास गरौं।

सहकारी संघ फुकुओका सहर व्यवसायिक वातावरण संघ

<पसल र घर एकै भएको अवस्थाको फोहोर>

- ●घरायसी फोहोर र व्यवसायिक फोहोर छुट्याएर निकाल्नुहोस्।
- ●पसल र घरको फोहोरलाई छुट्टाछुट्टै झोलामा हालेर निकाल्न नसकिने खण्डमा सबैलाई व्यवसायिक फोहोरको रूपमा निकाल्नुहोस्।

*सबै व्यवसायिक फोहोरको रूपमा निकाल्ने खण्डमा, सम्बन्धित वडाको दैनिक जीवन वातावरण शाखामा "संयुक्त प्रयोग गर्ने घरपरिवार" को आवेदन दिएमा सङ्कलन खर्चको केही भाग सहरले अनुदान दिने अवस्थाहरू हुन सक्छन्।

## कुकुर, बिरालो जस्ता जनावरको लाश

**इनोगुची स्योकाइ (☎092-671-3895) मा सम्पर्क गर्नुहोस्। सडक आदि छोडिएका मालिक बिनाका लाशहरू नि:शुल्क सङ्कलन गरिन्छ। मालिक भएको खण्डमा प्रति लाश 1,000 येन लिएर सङ्कलन गरिन्छ।**

**<खुला समय>**

**हरेक दिन 8:30~17:30　जनवरी 1 तारिख~3 तारिख बिदा हुनेछ।**

*नष्ट गर्ने वस्तुको रूपमा नष्ट गरिने हुनाले गाड्ने वा दाह संस्कार गर्न चाहेको खण्डमा निजी पाकेको जनावर समाधि स्थल वा अन्त्येष्टि सेवा प्रदायकलाई अनुरोध गर्नुहोस्।

## पर्यावरणीय सुन्दरता झोला वितरणबारे

**व्यक्तिगत स्वयंसेवकहरूले सार्वजनिक स्थानहरू (सडक आदि) सफा गर्दा निस्केको फोहोर निकाल्नको लागि आवश्यक झोलाको रूपमा "पर्यावरणीय सुन्दरता झोला" वितरण गरिन्छ। सर्तहरू अनुसार अनलाइन आवेदन (हुलाक मार्फत वितरण) पनि सम्भव हुन्छ।**

पर्यावरणीय सुन्दरता झोलाबारे

# मानव मलमुत्र सङ्कलन

**मलमुत्र सङ्कलन गर्नुपर्ने शौचालय भएको घर वा व्यवसायिक स्थलले "मलमुत्र सङ्कलनको लागि आवेदन" दिनुपर्नेछ।**

**यस्तो बेला अनिवार्य रूपमा प्रक्रिया गर्नुहोस्!!**



- ○नयाँ ठाउँमा बसाइँ सरेकोले मलमुत्र सङ्कलन आवश्यक परेको बेला।
- ○अन्य ठाउँमा बसाइँ सरेकोले मलमुत्र सङ्कलन आवश्यक नपर्ने भएको बेला।
- ○परिवारको सदस्य संख्यामा परिवर्तन भएको बेला।
- ○फ्लस गर्ने शौचालयमा परिवर्तन गरेर मलमुत्र सङ्कलन आवश्यक नपर्ने भएको बेला।
- ○कम्पनी, पसल आदिले मलमुत्र सङ्कलनको लागि "आवेदन दिने" तथा "रद्द" र "मलमुत्र सङ्कलनको अन्तराल परिवर्तन" गर्ने बेला।

➡ **सम्बन्धित वडाको दैनिक जीवन वातावरण शाखा (सेइबु शाखा कार्यालयमा नागरिक परामर्श डेस्क) मा प्रक्रिया गर्नुहोस्।**

○अस्थायी मलमुत्र सङ्कलन आवश्यक परेको बेला। ➡ **(सार्वजनिक हितकारी संस्था) फुकुओका वातावरण फाउन्डेसन कार्य शाखा (☎092-752-7860) मा सम्पर्क गर्नुहोस्।**

*अस्थायी मलमुत्र सङ्कलन भनेको निर्माण स्थल, कार्यक्रम स्थल जस्ता अस्थायी शौचालयको मलमुत्र सङ्कलन र घर, कम्पनी, पसल आदिको स्थायी शौचालयबाट अस्थायी रूपमा मलमुत्र सङ्कलन (फ्लस गर्ने शौचालय निर्माण, बसाइँसराइ आदिका कारणले गर्नुपर्ने मलमुत्र सङ्कलन आदि) गर्नु हो।

<खुला समय>
सोमबार~शुक्रबार 9:00~17:00
शनिबार, आइतबार, सार्वजनिक बिदा र डिसेम्बर 29 तारिख~जनवरी 3 तारिख बिदा हुनेछ।
*सङ्कलन अनुरोध गर्न चाहेको मिति भन्दा 3 दिन अघिको कार्यदिन सम्ममा दर्ता

## मानव मलमुत्र प्रशोधन शुल्क भुक्तानीको लागि खाता ट्रान्सफरद्वारा भुक्तानी सजिलो हुन्छ!!

शुल्कको लागि, हुलाक मार्फत 2 महिनामा 1 पटक भुक्तानी पत्र पठाइन्छ। सजिलो खाता ट्रान्सफरद्वारा भुक्तानी प्रणाली पनि हुनाले प्रयोग गर्नुहोस्। विस्तृत जानकारीको लागि (सार्वजनिक हितकारी संस्था) फुकुओका वातावरण फाउन्डेसन कार्य शाखा (☎092-731-2703) मा सम्पर्क गर्नुहोस्।

**[मानव मलमुत्र प्रशोधन शुल्क]**

| वर्ग | शुल्क | |
|---|---|---|
| सामान्य शौचालय भएको घर | प्रति व्यक्ति प्रति महिना | 300 येन |
| सरल फ्लस गर्ने शौचालय भएको घर | प्रति व्यक्ति प्रति महिना | 750 येन |
| कम्पनी, पसल, अस्थायी शौचालय आदि | 18L सम्म प्रति | 150 येन |

*सामान्यतया मलमुत्र सङ्कलन हरेक महिना 1 पटक गरिन्छ। 2 पटक वा सोभन्दा बढी मलमुत्र सङ्कलनको लागि आवेदन दिने बेला छुट्टै शुल्क आवश्यक पर्नेछ।

**सेप्टिक ट्याङ्कीको मर्मतसम्भार, जाँच र सफाइ**

**सेप्टिक ट्याङ्कीको मर्मतसम्भार, जाँच र हरेक वर्ष 1 पटक वा सोभन्दा बढी सफा गर्न अनिवार्य गरिएको छ। विस्तृत जानकारीको लागि सम्बन्धित वडाको दैनिक जीवन वातावरण शाखा (➡पछाडिको कभर) मा जानुहोस्।**

# नियमित सङ्कलन (सधैंको फोहोर निकाल्ने बार) बाहेकका फोहोरहरू निकाल्ने तरिका

## आफैले प्रशोधन केन्द्रमा लिएर जाने (आफैले ढुवानी)

आफैले फोहोर लिएर जाने खण्डमा, अग्रिम रूपमा फोन अथवा इन्टरनेट मार्फत लिएर जाने बुकिङ गर्नुपर्छ। आफैले लिएर जाने बेला तोकिएको झोलामा हाल्नु पर्दैन।


इन्टरनेट दर्ता

सुविधा स्वीकार समय　सोमबार~आइतबार 8:30~16:00 (रिन्काइ कारखाना 9:30~15:30) *जनवरी 1 तारिख~3 तारिख बिदा हुनेछ। (डिसेम्बर 31 तारिख सबै सुविधाहरू 15:00 सम्म)


*आइतबार मात्र रोटेसन प्रणाली अनुसार गरिन्छ। (तर क्लिन एनर्जी पार्क नान्बु, तोबु (फुसितानी) ल्यान्डफिल स्थल र सेइबु (नाकाता) ल्यान्डफिल स्थल बाहेक)

| | | लिएर जाने ठाउँ | ठेगाना |
|---|---|---|---|
| जल्ने फोहोर | | तोबु कारखाना (फुकुओका क्लिन एनर्जी कम्पनी लिमिटेड निर्माण तथा सञ्चालन) | हिगासी वडा कामाता 5 च्योमे 11-2 |
| | | रिन्काइ कारखाना | हिगासी वडा हाकोजाकीफुतो 4 च्योमे 13-42 |
| | | क्लिन एनर्जी पार्क नान्बु (फुकुओका महानगरीय क्षेत्र नान्बु वातावरणीय परियोजना संघ निर्माण तथा सञ्चालन) | कासुगा सहर ओआजा सिमोसिरोउजु 104-5 |
| | | सेइबु कारखाना | निसी वडा ओआजा ज्युरोकुच्यो 1191 |
| नजल्ने फोहोर | | तोबु स्रोतको रूपमा पुनः प्रयोग केन्द्र | हिगासी वडा कामाता 5 च्योमे 11-1 |
| | | सेइबु कारखाना | निसी वडा ओआजा ज्युरोकुच्यो 1191 |
| | सिरेमिक, सिसा आदि | तोबु (फुसितानी) ल्यान्डफिल स्थल | कासुयागुन हिसायामामाची ओआजा यामादा 1431-1 |
| | | सेइबु (नाकाता) ल्यान्डफिल स्थल | निसी वडा ओआजा इमाजु 4439 |


■सेइबु कारखाना ■सेइबु (नाकाता) ल्यान्डफिल स्थल ■सेइबु 3R स्टेसन





■तोबु कारखाना ■तोबु (फुसितानी) ल्यान्डफिल स्थल ■तोबु स्रोतको रूपमा पुनः प्रयोग केन्द्र




■क्लिन एनर्जी पार्क नान्बु




■रिन्काइ कारखाना ■रिन्काइ 3R स्टेसन




*माथिको मार्गदर्शन नक्साको तीरको मार्ग अनुसार प्रवेश गर्नुहोस्।

**लिएर जाने बुकिङ र सोधपुछ**　आफैले लिएर जाने फोहोर अग्रिम दर्ता केन्द्र ☎ 092-433-8234

**प्रशोधन शुल्क**　10Kg सम्म प्रति 140 येन

सोमबार~शनिबार 8:30~16:00　*जनवरी 1 तारिख~3 तारिख बिदा हुनेछ।　*फोहोर ल्याउने योजना मिति भन्दा 2 हप्ता अघिदेखि ल्याउन चाहेको समय भन्दा 30 मिनेट अघिसम्म दर्ता

- अरूलाई फोहोर लिएर जान अनुरोध गर्न सकिनेछैन। (सहरले अनुमति दिएको सङ्कलन व्यवसायी बाहेक)
- व्यवसायी जस्तो देखिने सवारी साधन (डम्प ट्रक, प्याकर ट्रक, बक्स भ्यान, कम्पनीको लोगो भएको गाडी आदि) मा घरायसी फोहोर ल्याउन सकिनेछैन।
- अन्य "फुकुओका सहर नष्ट गर्ने सामानहरू (फोहोर) स्वीकार मापदण्ड" को पालना गरी फोहोर लिएर आउनुहोस्।

स्वीकार मापदण्ड

## सहरले अनुमति दिएको व्यवसायीलाई अस्थायी सङ्कलन अनुरोध गर्ने

**सहकारी संघ फुकुओका सहर व्यवसायिक वातावरण संघ**

**☎092-432-0123**

यो सामान्य नष्ट गर्ने सामानहरू सङ्कलन र ढुवानी कार्यको अनुमति प्राप्त व्यवसायहरूको संघ हो। घर सर्ने जस्ता ठूलो परिमाणको फोहोर निस्कने अवस्था आदिमा परामर्श गर्नुहोस्।

खुला समय: सोमबार~शुक्रबार　9：00～17：00
पहिलो, तेस्रो र पाँचौं शनिबार　9：00～12：00
*तर सार्वजनिक बिदा बाहेक

●अस्थायी सङ्कलन अनुरोध गरेको खण्डमा

| सङ्कलन र ढुवानी खर्च | | नष्ट खर्च |
|---|---|---|
| 1m³ सम्म प्रति 4,070 येन | ＋ | 1kg सम्म प्रति 14 येन |

●माथि लेखिएको शुल्क "सङ्कलन व्यवसायीले लिन सक्ने अधिकतम रकम" हो।

## काटिएको हाँगा स्वीकार गर्ने सुविधा

काटिएको हाँगाहरू निजी क्षेत्रको पुनः स्रोतको रूपमा प्रयोग गर्ने सुविधाहरूले स्वीकार गर्छन्। स्वीकार गर्ने समय र शुल्कको लागि सिधै सम्बन्धित सुविधामा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।



| | | |
|---|---|---|
| नाकायामा रिसाइकल उद्योग कम्पनी लिमिटेड | हिगासी वडा हाकोजाकीफुतो 4 च्योमे 13-1 | ☎092-292-8488 |
| मोकुजाइ काइहाचु कम्पनी लिमिटेड | हिगासी वडा हिगासीहामा 2 च्योमे 85-25 | ☎092-292-6470 |
| नान्बु ग्रीन सर्भिस लिमिटेड कम्पनी | मिनामी वडा ओआजा कासिवाबारा 685 | ☎092-566-1328 |
| काजिवारा गुमी कम्पनी लिमिटेड | सावारा वडा ओआजा आकासागी आजा नाकाबारु 736 | ☎092-801-0045 |
| सावारा निसी बगैंचा निर्माण सहकारी संघ | निसी वडा ओआजा हानेदो आजा इकेसिता 786-1 | ☎092-811-8231 |

# सजिलै बुझिने ब्याट्री निकाल्ने तरिकाको तालिका


## रिचार्ज हुने ब्याट्री भएकाका सामानहरूलाई तोकिएको सङ्कलन स्थानमा लिएर जानुहोस्।

तल फुकुओका सहरले सङ्कलन गरिरहेको ठाउँ र निकाल्ने तरिकाको सारांश दिइएको छ। विद्युतीय सामान बेच्ने ठूला पसलहरूमा सङ्कलनको लागि लिएर जाने खण्डमा सम्बन्धित व्यवसायीको निर्देशनको पालना गर्नुहोस्।

| सजिलै बुझिने ब्याट्री निकाल्ने तरिकाको तालिका | स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने वस्तु सङ्कलन बक्स | सानो विद्युतीय उपकरण सङ्कलन बक्स | सानो रिचार्ज हुने ब्याट्री सङ्कलन ड्रम क्यान<br>*केही सुविधाहरू बाहेक सानो विद्युतीय उपकरण सङ्कलन बक्सको छेउमा राखिएको हुन्छ। | ड्राइ ब्याट्री सङ्कलन बक्स | नजल्ने फोहोर |
|---|---|---|---|---|---|
| **सानो रिचार्ज हुने ब्याट्री**<br>विद्युतीय उपकरणबाट हटाइएको ब्याट्री, मोबाइल ब्याट्री र ड्राइ ब्याट्री प्रकारको रिचार्ज हुने ब्याट्री | ○ | ✕ | ○ | ✕ | ✕<br>रिचार्ज हुने ब्याट्रीलाई नजल्ने फोहोरमा निकाल्न सकिनैन! |
| **रिचार्ज हुने ब्याट्री भएको सानो विद्युतीय उपकरण**<br>रिचार्ज हुने ब्याट्री हटाउन नसकिने उपकरणहरू। स्मार्टफोन, वायरलेस इयरफोन, ह्यान्डी फ्यान, विद्युतीय सेभर आदि | ○ | ○ | ✕ | ✕ | |
| तात्ने प्रकारको चुरोट, इलेक्ट्रोनिक चुरोट | ○ | ✕ | ○ | ○ | |
| फुलेको वा क्षति भएको रिचार्ज हुने ब्याट्री र फुलेको वा क्षति भएको रिचार्ज हुने ब्याट्री भएको सानो विद्युतीय उपकरण | ○ | ✕ | ✕ | ✕ | |
| ड्राइ ब्याट्री, कोइन ब्याट्री (प्रकार CR, BR) | ○ | ✕ | ✕ | ○ | ○ |
| बटन ब्याट्री (प्रकार SR, LR, PR) | ○ | ✕ | ✕ | ○ | ✕ |

**लिएर जाने बेला इलेक्ट्रोड र टर्मिनलको भागमा मात्र टेप टाँसेर इन्सुलेसन प्रक्रिया गर्नुहुन अनुरोध गर्दछौं।**

*पूरै सामान र पूरै ब्याट्री छोपिने गरी टेप नलगाउनुहोस्।




अन्य निकाल्ने तरिका, ध्यान दिनुपर्ने कुराहरू आदिको विस्तृत जानकारीको लागि यहाँ

## "रिचार्ज हुने ब्याट्री" र "स्प्रे क्यान र ग्याँस क्यासेट सिलिन्डर" को कारण फोहोर सङ्कलन गाडी र फोहोर प्रशोधन केन्द्रमा आगलागीका घटनाहरू भइरहेको छन्।

"रिचार्ज हुने ब्याट्री" मा ठक्कर लाग्दा सजिलै आगो बल्न सक्ने गुण हुने हुनाले, त्यो सङ्कलन गर्दा र फोहोर प्रशोधन केन्द्रमा आगलागीको कारण बन्छ। फोहोरको झोलामा नहालीकन माथि लेखिएको निकाल्ने तरिका फ्लो अनुसार सङ्कलन बक्समा लिएर जानुहोस्।

"स्प्रे क्यान र ग्याँस क्यासेट सिलिन्डर" लाई **अनिवार्य रूपमा भित्र भएको कुरा पूर्ण रूपमा प्रयोग गरेपछि** नजल्ने फोहोरको रूपमा निकाल्नुहोस्। प्वाल पार्नु पर्दैन।
ग्याँस बाँकी रहेको खण्डमा आफैंले ग्याँस निकाल्नुपर्छ। प्रयोग गर्न समस्या नहुने गरी आवश्यक परिमाण मात्र खरिद गरी प्रयोग म्याद भित्र सबै प्रयोग गर्नुहोस्।

सेकेन्डरी (चार्ज गर्न मिल्ने) ब्याट्रीको कारण भएको आगलागी आदिका ठोस आगलागी वस्तुहरू




आर्थिक वर्ष रेइवा 3 साल "सहर, वडा, टोल र गाउँपालिकामा प्रयोग भइसकेका सानो विद्युतीय उपकरणहरू आदिको रिसाइकल प्रयाससँग सम्बन्धित वास्तविक स्थितिको सर्वेक्षण" (स्रोत: वातावरण मन्त्रालय)



फोहोर सङ्कलन गाडी भित्र ग्याँस क्यासेट सिलिन्डरमा आगलागी (स्रोत: NITE)

## तरल पदार्थलाई फोहोरको झोलामा नहाल्नुहोस्।

खाद्य प्रयोजनको तेल, डिटर्जेन्ट जस्ता तरल पदार्थहरू त्यतिकै फोहोरको झोलामा भयो भने फोहोर सङ्कलन गाडीमा लोड गर्ने बेला फोहोरको झोला वा कन्टेनर फुटेर तरल पदार्थ छरिन्छ र यो वरपर फोहोर बनाउने, दुर्गन्ध फैलाउने, बाटो हिँड्ने मान्छे र सङ्कलन कर्मचारीलाई चोट पुऱ्याउने जस्ता दुर्घटनाहरूको कारण बन्ने खतरा हुन्छ। बाँकी रहेको तरल पदार्थलाई जम्ने पदार्थ प्रयोग गरेर जमाउने, कागज वा कपडामा सोसाउने आदि गरेर फाल्नुहोस्।



औषधीय पदार्थ जस्ता तरल पदार्थको प्रकार अनुसार नष्ट गर्ने विधि फरक हुन्छ। नष्ट गर्ने विधि थाहा नभएको खण्डमा, सुरुमा बिक्री पसल र मेकरसँग सोधपुछ गर्नुहोस्।


फुकुओका सहरमा 4 प्रकारमा वर्गीकरण गरी सङ्कलन गरिएको घरायसी फोहोरलाई अन्ततः दायाँपट्टिको चित्र ①~⑨ को 9 प्रकारमा वर्गीकरण गरी रिसाइकल वा प्रशोधन गरिन्छ।



## पर्यावरणमैत्री "फुकुओका विधि" को ल्यान्डफिल प्रविधिद्वारा अन्तिम रूपमा नष्ट

जलाउने सुविधामा जलाएपछि बाँकी रहेको खरानी आदिलाई भूमण्डलीय उष्मीकरणको कारण बन्ने मिथेन ग्याँसको उत्पादनलाई नियन्त्रण गर्ने जस्ता वातावरणीय भार कम हुने "फुकुओका विधि" को ल्यान्डफिल प्रविधिद्वारा जमिनमा गाडिन्छ।

## फुकुओका सहरको फोहोर प्रशोधन प्रक्रिया




## फोहोर र मानव मलमुत्रसँग सम्बन्धित सोधपुछ र अवैध डम्पिङ आदिको परामर्श

| | | | |
|---|---|---|---|
| हिगासी वडा | दैनिक जीवन वातावरण शाखा | ☎092-645-1061 | FAX092-632-8999 |
| हाकाता वडा | दैनिक जीवन वातावरण शाखा | ☎092-419-1068 | FAX092-441-5603 |
| च्यूओ वडा | दैनिक जीवन वातावरण शाखा | ☎092-718-1091 | FAX092-718-1079 |
| मिनामी वडा | दैनिक जीवन वातावरण शाखा | ☎092-559-5374 | FAX092-561-5360 |
| ज्योनान वडा | दैनिक जीवन वातावरण शाखा | ☎092-833-4086 | FAX092-822-4095 |
| सावारा वडा | दैनिक जीवन वातावरण शाखा | ☎092-833-4340 | FAX092-841-6687 |
| निसी वडा | दैनिक जीवन वातावरण शाखा | ☎092-895-7050 | FAX092-882-2137 |
| निसी वडा | सेइबु शाखा कार्यालय | ☎092-806-9430 | FAX092-806-6811 |

## ठूलो आकारको फोहोरसँग सम्बन्धित सोधपुछ र आवेदन

ठूलो आकारको फोहोर दर्ता केन्द्र ☎092-731-1153 FAX092-731-1195

## आफैले लिएर जाने कुरासँग सम्बन्धित सोधपुछ र आवेदन

आफैले लिएर जाने फोहोर अग्रिम दर्ता केन्द्र ☎092-433-8234

फोहोर न्यूनीकरण र रिसाइकलसँग सम्बन्धित कुराहरू

वातावरण ब्यूरो फोहोर न्यूनीकरण प्रवर्द्धन शाखा ☎092-711-4039 FAX092-711-4823

फोहोर सङ्कलन र फोहोरको झोलासँग सम्बन्धित कुराहरू

वातावरण ब्यूरो सङ्कलन व्यवस्थापन शाखा ☎092-711-4346 FAX092-733-5907

## विदेशी भाषामा फोहोर निकाल्ने नियमहरू निश्चय गर्ने

QR Translator

日本語 English 中文(简体) 한국어 中文(繁體) Tiếng Việt ภาษาไทย नेपाली भाषा Tagalog မြန်မာဘာသာစကား Bahasa Indonesia

Rules on how to dispose household garbage in Fukuoka City are introduced.

## विदेशी भाषामा फोनमा सोधपुछ

सबै वडाहरूको लागि साझा विदेशी भाषा सहायता फोन नम्बर

☎092-753-6113

उपलब्ध भाषाहरू: अंग्रेजी, चिनियाँ, कोरियाली, भियतनामी, नेपाली आदि।

फुकुओका सहर
फोहोर र स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने कुराहरू छुट्याउने तरिका र निकाल्ने तरिका सम्बन्धी जानकारी भएको साइट

उपलब्ध भाषाहरू: अंग्रेजी, चिनियाँ, कोरियाली

# घरायसी फोहोर नियम पुस्तिका


प्रकाशक: फुकुओका सहर वातावरण ब्यूरो फोहोर न्यूनीकरण प्रवर्द्धन शाखा
☎092-711-4039 FAX092-711-4823
इमेल: gomigenryo.EB@city.fukuoka.lg.jp


SUSTAINABLE DEVELOPMENT GOALS
यी जापान र विश्वलाई परिवर्तन गर्नको लागि बनाईएका 17 वटा लक्ष्यहरू हुन्।

VEGETABLE OIL INK

रिसाइकल उपयुक्तता Ⓐ
यो छपाइ सामग्रीलाई छपाइ प्रयोजनको कागजमा रिसाइकल गर्न सकिन्छ।